# बर्दिबास नगरपालिकाको कार्यालय

# बर्दिबास महोत्तरी

## विशेष नगर परिषद २०७२।७३

२०७२।०५।१५

# बर्दिबास नगरपालिकाको संक्षिप्त परिचय २०७१

## पृष्ठभूमी

मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गत जनकपुर अञ्चल,महोत्तरी जिल्लाका ३ वटा नगरपालिकाहरु मध्ये नवगठित बर्दिबास नगरपालिका हो । वि.सं.२०७१ साल मंसिर १६ गतेको नेपाल सरकार मन्त्रिपरिषदको निर्णय अनुसार महोत्तरी जिलाका १५ वटा इलाका मध्ये इलाका नं. १ मा पर्ने बर्दिबास, माइस्थान, गौरीबास र किसाननगर गरी चार (४) वटा गा.वि.स. मिलेर बनेको यस नगरपालिकालाई १२ वडामा विभाजित गरी बर्दिबास नगरपालिका घोषणा गरीएको हो ।

स्थापना : वि.सं.२०७१ साल मंसिर १६ गते मन्त्रीपरिषदको निर्णयानुसार
वडा संख्या : १२
निर्वाचन क्षेत्र नं. : १
इलाका नं. : १

## सिमाना :-

***पूर्वमा :*** मिथिला नगरपालिका ,धनुषा
***पश्चिममा :*** गौशाला नगरपालिका र खयरमारा गा.वि.स.
***उत्तरमा :*** कमलामाई नगरपालिका, सिन्धुली , तुलसी गा.वि.स.धनुषा
***दक्षिणमा :*** हाथिलेट **,**पशुपतिनगर र भंगाहा गा.वि.स.

क्षेत्रफल :-
जनसंख्या : ३७०४८
पूरुष : १७,९६१
महिला : १९०८७
घरधुरी संख्या : ७८६९

**मतदाता संख्या :-**
बर्दिबास : ५,७५३
गौरीबास : ३,६३४
किसाननगर : ४,३२०
माईस्थान : ४,९४७

## सामाजिक परिचालन

सामाजिक परिचालक : दरबन्दी ४, पदपुर्ति ३ जना
नागरिक वडा मंच : १२ जना ,३ जना महिला ,९ जना पुरुष
नागरिक सचेतना केन्द्र : ४

## शिक्षा तर्फ

क्याम्पस : २ ( नव क्षितिज क्याम्पस र बर्दिबास बहुमूखी क्याम्पस )
उ.मा.वि. : ५ वटा    मा.वि (९-१० ) : १०  , प्रा.वि.(१ -८ )  : ८

## उपस्थित महानुभावहरु

यस न.पा.क्षेत्र भित्रका नगरवासीहरुको विकासको चाहना र अपेक्षा असिमित रहेको छ भने हामी संग श्रोत र साधन सिमित छ । सिमिति श्रोत साधन तथा स्थानिय स्तरका जनशक्ति लाई परिचालन गर्नु पर्ने चुनौती हामी सामु रहेको छ भने हाल रहेको कर्मचारी द्धारा सुशासन सहितको प्रभावकारी सेवा पु-याउनु बाध्यात्मक अबस्था रहेको छ । सावीक बर्दिवास गा.वि.स.भवनमा न.पा. कार्यालयर १,२,३ वडा कार्यालय संचालन गरिएको रहेको छ भने सावीक गौरीवास,(४,५,६) माईस्थान( १०,११,१२ ) र किसाननगर (७,८,९) गा.वि.स.कार्यालय भवनमा न.पा.को संयूक्त वडा कार्यालय संचालन गरिएको छ । यस नगरपालिका लाई तिव्ररुपमा विकास गर्न भावी पुस्तालाई सुन्दर र सवृद्ध नगरको रुपमा स्थापित गर्न हामीले योजना बद्ध रुपमा विकासको थालनी गर्नु पर्दछ । यसका लागि आपसी सहमतिका साथ बजेटमा भएका कार्यक्रमहरुलाई बास्तविक कार्यन्वयन गर्न र नगरवासीलाई विकासका हकदार बनाउने तर्फ सवैको सहयोग रहने छ भन्ने हामीले विश्वास लिएका छौ ।

उपस्थित सम्पूर्ण महानुभावहरु

अब म यस बर्दिवास न.पा.को विशेष परिषदले स्वीकृत गरेको आ.व.२०७२/२०७३ मा लागू हुने योजना र बजेट नीति तथा कार्यक्रम प्रस्तुत गर्न गई रहेको छु ।

## नीति तथा कार्यक्रमहरु

१) न.पा. कार्यालयमा दैनिक पर्न आउने उजुरी निवेदनहरु मथि आवश्यक छलफल र निर्णयको लागि एक सर्व पक्षिय संयन्त्रको मध्यस्थता समिती गठन गर्ने प्रकृया अगाडी बढाईने छ ।

२) न.पा.को सम्पूर्ण दैनिक गतिविधी तथा कारोबार सफ्टवेयर मार्फत यसै आ.व.देखि लागु गरिने छ ।

३) न.पा.मा हुने विकास निर्माण तथा कार्यक्रमहरुको सूचना सरोकारवाला व्यक्तिले माग गरेमा तुरुन्त उपलब्ध गराईने व्यवस्था मिलाईएको छ ।

४) न.पा.को सम्पूर्ण विषयवस्तु झल्कने गरी एक नगर परीचय पुस्तिका प्रकाशन गरिने छ ।

५) बर्षमा कम्तिमा २ (दुई) पटक सार्वजनिक सुनवाईको कार्यक्रम गरिने छ ।

६) कर्मचारी तथा सरोकारवाला ब्यक्तित्वहरु लाई पटक पटक विषयबस्तुमा अभिमुखीकरण तालिम तथा गोष्टीको व्यवस्था गरिने छ ।

७) न.पा. लाई सं मा. तथा स्था. वि. मन्त्रालयबाट स्वीकृत कर्मचारीको दरबन्दीमा केहि थप गरि पदपुर्ति गर्ने प्रकृया बढाउन पदपुर्ती समितिको अध्यक्षको चयन गरिने छ । साथै अन्य विषयहरुको हकमा गत परिषदमा उल्लेख भए बुदा अनुसार नै गरिने छ ।

८. प्राबिधिक तथा उच्च शिक्षामा प्राथमिक्ता का  साथ जोड दिईनेछ /

९. फोहोर मैला ब्यबस्थापन , हरियाली मार्ग , EFLG, CFLG कार्यक्रमलाई प्राथमिक्ता दिईने छ।

१०) सार्वजनिक जग्गा संरक्षण र खुला क्षेत्र घोषणा गर्ने ।

११) व्यवस्थीत शहरी विकासमा जोड दिने

१२) विपद पूर्व तयारीका कार्यहरु गर्ने

## आन्तरिक श्रोत वृद्धि तथा आर्थिक प्रशासन

१) नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयले कुनै पनि आर्थिक सहायता दिन नपाईने ब्यवस्था भएको ले उल्लेखित ब्यवस्था अबलम्वन गरिने छ ।

२) ब्यक्ति वा संघ संस्थामा रहेको यस न.पा. को पेश्की बेरुजू सम्बन्धित ब्यक्ति वा संघ सस्थाहरु संग समन्वय गरि अशुल  तथा फछर्यौट गर्ने प्रकृया बढाईने छ ।

३) स्थानिय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ मा ब्यवस्था भए अनुसार राजश्व परामर्श समिति गठन गर्ने र सो समितिका निर्णय अनुसार न.पा.का कर,दस्तुर, शूल्क परिमार्जन गरिने छ ।

४) न.पा.को सवारी साधन प्रयोग गर्दा खर्च हुने इन्धनको भुक्तानी लगबुकको आधारमा दिने नीति लागू गरिने छ ।

५) न.पा. को राजश्व संकलन हुने क्षेत्र पहिचान गरि आन्तरिक श्रोतवृद्धि गर्न  रावश्व परामर्श समितिको सिफारिस अनुरुप रणनीति तयार गरि आन्तरिक श्रोत वृद्धि गरिने छ ।

६) ब्यवसायकर संकलनको लागि उ.वा.संघ संग समन्वय गरि पुजी लगानीको आधारमा कर दर काम गरिने छ ।

साथै गत आ.व.मा प्रस्तुत गरिएका नीति तथा कार्यक्रमहरु यस विशेष परिषदमा छुट भएता पनि कार्यन्वयन गरिने समेत जानकारी गराउद छु ।

## स्वास्थ्य , सरसफाई तथा वातावरण

१) यस न.पा. को खुल्लादिशा मुक्तक्षेत्र घोषणा हुन बाकी वडाहरु लाई चालु आ.व.मा क्रमशः खूल्लादिशा मुक्तक्षेत्र घोषणा गरिने छ ।

२) न.पा. वाताबरण स्वच्छ ,सफा ,सुन्दर हरित नगरीको रुपमा स्थापित गर्न सार्वजनिक स्थल र सडकको पेटीमा वृक्षारोपण गर्ने कार्यलाई अभियानको रुपमा कार्यन्वयन. गरिने छ ।

३) न.पा. क्षेत्रमा रहेको धार्मिक स्थल मठ,मन्दिर, गुम्बा , मस्जिदको  सौन्दर्यकरण बढाई पर्यटकीय स्थलको रुपमा विकास गर्न संम्बन्धिनिकाय हरुमा पहल कदमी गरिने छ ।

४) न.पा. क्षेत्रलाई प्लास्टीक मुक्तक्षेत्र घोषणा गर्न अभियानको रुपमा कार्यन्वयन गरिनेछ।

५) हाल बर्दिवास न.पा. वडा नं. १ देखि ४ सम्मका क्षेत्रहरुमा चालु आ.व. देखि नै सरसफाई अभियानको रुपमा हप्तामा २ (दुई) दिन फोहर फाल्ने टिप्पर बाट फोहर संकलन गरि डम्पिंग स्थलमा फालिने छ। अन्य वडाहरुमा क्रमशः फोहर फाल्ने दीर्घकालीन व्यवस्था मिलाईने छ।

६) बर्दिवास चौकमा सार्वजनिक जग्गा खोजी सार्वजनिक शौचालय निर्माण गरिने छ।

## मानव संशाधन विकास

१) घरेलु तथा साना उघोग कार्यालय तथा सीप विकास सम्बन्धी काम गर्ने संघ संस्थाहरु संग समन्वय गरि विपन्न तथा दलित समुदायमा सीप र क्षमता अभिवृद्धि र रोजगारमुलक हुने खालको कार्यक्रम संचालन गरिनेछ।

## महिला,बालबालिका र अन्य लक्षित वर्ग

१) महिला तथा बाल बालिकाको लागि नियमानुसार तोकिएको रकम निजहरु कै प्रत्यक्ष सहभागितामा वृत्ति विकास हुने खालका कार्यक्रम संचालन गरिने छ।

२) लक्षित वर्ग समूहको लागि नियमानूसार तोकिएको एकमुस्ट रकम सवै वर्ग समुहलाई प्रत्यक्ष फाइदा पुग्ने खालका कार्यक्रमहरु निजहरु कै सहभागिता संचालन गरिने छ।

## शिक्षा ,संस्कृति , साहित्य कला र पर्यटन विकास कार्यक्रम

१) सार्वजविक पोखरी , मठ मन्दिर ,गुम्बा र मानव वस्ति परिसरका सामुदायिक वन क्षेत्रलाई पर्यटकिय क्षेत्रको रुपमा विकास गर्न नेपाल सरकारको संम्बन्धित मन्त्रालय संग दिर्घकालिन योजना पेश गरिने छ र कला सांस्कृति र साहित्य पर्यटकीय आधार भएकोले यसको विकास गर्नको लागि विभिन्न संघ संस्था संग समन्वय गरिने छ।

२) ब.न.पा. ४ जनता मा.वि. मा संचालनमा रहेको प्राविधिक तथा ब्यवसाय शिक्षाधारको पुर्वाधार विकास गर्न पहल कदमी गरिने छ।

## यूवा तथा खेलकुद विकास

१) न.पा. क्षेत्रमा रहेका विभिन्न यूवा क्लवहरु सहभागि हुने गरी नगरस्तरीय टुर्नामेन्टको आयोजना गरिने छ ।

२) खेलकुद विकासको लागि  सावीक गा.वि.स.बाट साँध सिमाना कायम गरेको वडा नं. ३ मा रहेको जग्गामा रंगशाला निर्माणको लागि बजेट मांग गर्न पहल कदमी गरिने छ ।

## सडक बत्ती , ग्रामीण विधुतीकरण

१) चालु आ.व.मा पूर्व -पश्चिम लोकमार्ग खण्डको जनता उ.मा.वि. जाने बाटो देखि पश्चिम बदिवास जलेश्वर जाने बाटो  ग्रिन बेल्ट सम्म दुवै तर्फ र सिन्धुली सडकमा समेत सौर्य बत्ती जडान गर्न वैकल्पिक  सौर्य उर्जा संग समन्वय गरिने छ ।

२) न.पा. क्षेत्र भित्र  विधुतीकरण नपुगेको गाँउ वस्तिमा विधुत विस्तार गर्न निरन्तर रुपमा बार्षिक बजेट विनियोजन गरिनेछ ।

## उपस्थित प्रतिनिधि महिला तथा सज्जनवृन्द

अव म माथि प्रस्तुत गरेको वजेट तथा नीति तथा कार्यक्रमको आधारमा यस बर्दिवास न.पा.को आ.व. २०७२/२०७३को अनुमानित तथा आ.व. २०७३/२०७४ को प्रस्तावित आय व्यय र कार्यक्रम विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु । यस न.पा.को आ.व. २०७२ २०७३ को कुल वजेट रु. ८४६०६५०० अनुमानित गरिएको र आगामी आ.व.२०७३ २०७४ को रु. 101143500 वजेट प्रस्ताव गरिएको छ । यस अन्तर्गत चालु  आ.व.को लागि स्थानिय स्तरमा उठ्ने विभिन्न कर,सेवा दस्तुर ठेक्का र व्यवसाय कर लगायत आन्तरिक तर्फ रु.१,४३,८६,५००सामाजिक सुरक्षा तर्फ रु. १८५०००००।- ( जेष्ठ नागरिक र वालसंरक्षण) १००००००।-   नेपाल सरकार निः शर्त अनुदान रु. ४१०००००।-  र सःशर्त अनुदान तर्फ रु.२८६२०००० आगामी आ.व.को लागि स्थानिय स्तरबाट उठ्ने अनुदान अनुमान गरेका छौ । यसै गरि खर्च तर्फ  चालु  आ.व. २०७२ २०७३ को लागि रु.७५९००००।- र पुजीगत तर्फ रु.५७५१६५०० अनुमान गरेका छौ ।

आदरणिय महानुभावहरु

अन्तमा यस विषेश नगरपरिषदको संशोधित बजेट निर्माणमा सहयोग गर्नु हुने विभिन्न संघ,संस्था, दलिय तथा संजालका प्रतिनिधि र कार्यालयका कर्मचारी ज्यूहरुलाइ समेत हार्दिक धन्यवाद दिन चाहन्छु ।

**मिति :२०७३।०५।१५ गते**

**धन्यवाद**

**बर्दिवास नगरपालिकाको कार्यालय**

**बर्दिवास महोत्तरी**

**बिशेष नगरपरिषद २०७२/२०७३**

| संकेत नं. | आम्दानी शिर्षक | चालु आ.व. २०७२/०७३को अनुमानित | आगामी आ.व. २०७३/०७४को प्रस्तावित |
|---|---|---|---|
| १.१ | आन्तरिक श्रोत | | |
| १.१.१ | मालपोत | १५,००,००० | १५,००,००० |
| १.१.२ | घर जग्गा कर | १,५०,००० | २,००,००० |
| १.१.३ र | बहाल विटौरी कर | २,२५,००० | ३,००,००० |
| १.१.५ | ब्यवसाय कर | ७५०,००० | ७,५०,००० |
| १.१.९ | विज्ञापन कर | ७०,००० | ७५,००० |
| १.२.४ | नता- प्रमाणित तथा प्रमाणित दस्तुर | ५५,००० | ७५,००० |
| १.२.६ | अचल सम्पति मूल्यांकन शुल्क | २,५०,००० | ३,००,००० |
| १.७.१ | दण्ड जरीवाना | ५,५०० | ६,००० |
| १.७. | ठेक्का बन्दोवस्त | ६,००० | ७,५०० |
| १.७.१ | पेखरी ठेक्का | १,६५,००० | १,६५,००० |
| १.७.२ | हाट बजार कर | ७,५०,००० | ८,००,००० |
| १.६ | नक्शापास दस्तुर | १५,००,००० | १७,००,००० |
| | अन्य दस्तुर | ५,६०,००० | ५,६५,००० |
| | प्राकृतिक श्रोत बाँडफाँड | ६४,००,००० | ७५,००,००० |
| | राजस्व बाँड फाँड | २०,००,००० | २५,००,००० |
| | जम्मा | १,४३,८६,५०० | १,६४,४३,५०० |
| २.२ | बाह्य श्रोत | | |
| | नेपाल सरकारबाट नि:शर्त चालु अनुदान | ४१,००,००० | ५०,००,००० |
| | नेपाल सरकार श: शर्त प’जीगत अन’दान | २,८६,२०,००० | ३,५०,००,००० |
| २.१.१.१ | नेपाल सरकार जगेडा कोष | १,५०,००,००० | २,००,००,००० |
| २.१.१.४ | नेपाल सडक वोर्ड | ३०,००,००० | ३५,००,००० |
| | सामाजिक सुरक्षा अनुदान | १,८५,००,००० | २,००,००,००० |
| | बाल संरक्षण अनुदान | १०,००,००० | १२,००,००० |
| | बाह्य श्रोत जम्मा | ७,०२,२०,००० | ८,४७,००,००० |
| | आन्तरिक तथा वाह्य आम्दानी जम्मा | ८,४६,०६,५०० | १०,११,४३,५०० |

**बर्दिवास नगरपालिकाको कार्यालय**

**बर्दिवास, महोत्तरी**

**आ.व. २०७२/२०७३ र २०७३/२०७४ को लागि अनुमानित तथा प्रस्तावित खर्चको विबरणः**

| संकेत नं. | खर्चको शिर्षक | चालु आ.व. २०७२/०७३को अनुमानित | आगामी आ.व. २०७३/०७४को प्रस्तावित |
|---|---|---|---|
| १.०१ | तलव | २६,३०,००० | ३२,३०,००० |
| १.०२ | भत्ता - मंहगी,खाजा,प्रोत्साहन) | ५,००,००० | ७,००,००० |
| १.०४ | पेशाक | १,१०,००० | १,२५,००० |
| १.०८ | कार्यक्रम खर्च | ००।०० | ००।०० |
| २.०१ | पानी विजुली | १,००,००० | १,५०,०००।- |
| २.०२ | संचार | २,००,००० | २,५०,०००।- |
| २.०३ | कार्यालय सम्बन्धी - मशलन्द,छपाई | १०,००,००० | १२,५०,००० |
| २.०४ | घर भाँडा | ३,००,००० | ३,५०,००० |
| २.०५ | मर्मत सम्भार | २,००,००० | २,५०,००० |
| २.०६ | इन्धन तथा अन्य ईन्धन | ३,००,००० | ३,५०,००० |
| २.०८ | विविध | ५,००,००० | ७,५०,००० |
| ४.०१ | दैनिक भ्रमण भत्ता | २,००,००० | २,५०,००० |
| ४.०५ | फर्निचर | ५०,००० | ७५,००० |
| ६.०१ | सवारी साधन - मो.सा. | २,००,००० | ४,००,००० |
| | नगर परिषद खर्च | २,००,००० | २,५०,००० |
| | पुस्तक तथा पत्र-पत्रिका | ५,००० | १५,००० |
| | विपद ब्यवस्थापन | ५,००,००० | ६,००,००० |
| | सेवा निवृत कर्मचारी सुविधा | ००।०० | ००।०० |
| | मुदद्‌ा मामिला खर्च | ५०,००० | १,००,००० |
| | परामर्श तथा अन्य शुल्क | ५,००,००० | ७,००,००० |
| | म्याचिंग फण्ड (जगेडा कोष ,सडक वोर्ड) | ५०,००,००० | ७५,००,००० |
| | नेपाल सरकार जगेडा कोष खर्च | १,५०,००,००० | २,००,००,००० |
| | सवारी साधन -(पिकअप) खरिद | ३०,००,००० | ००।०० |
| | कन्टी जेन्सी | ८,५८,६०० | १२,००,००० |
| | बलबालिका को कार्यक्रम संचालन | १९,७६,१४० | २५,००,००० |
| | महिला को कार्यक्रम संचालन | १९,७६,१४० | २५,००,००० |
| | लक्षित समुह कार्यक्रम संचालन | २९,६४,२१० | ३५,००,००० |
| | पूर्वाधार विकास ( पुजीगत अनुदान ) | ७७,०६,९४६ | १,१९,४८,५००।- |
| | पुर्वाधार विकास ( आन्तरिक श्रोत ) | १,०८,९६,५०० | १,३५,००,००० |
| | प्रवर्धनात्मक विकास | ५१,३७,९६४ | ७५,००,००० |
| | सामाजिक सुरक्षा रकम वितरण | १,८५,००,००० | २,००,००,००० |
| | बाल संरक्षण रकम वितरण | १०,००,००० | १२,००,००० |
| | जम्मा | ८,४६,०६,५०० | १०,११,४३,५०० |

**निर्णय नं.१-**

आ.व. २०७२।७३ को लागि तपशिल बमोजिमका शीर्षकहरुमा बजेट विनियोजन ( प्रस्तावित ) गर्ने निर्णय गरियो ।

**चालु तर्फ** (मन्त्रालयबाट विनियोजित र आन्तरिक श्रोत तर्फ )

| खर्च शी.नं | व्यय शीर्षक | आ.व. २०७२।०७३ मा प्रस्तावित खर्च | आ.व.०७३-७४ को प्रस्तावित |
|---|---|---|---|
| १.०१ | तलव | २६३०००० | 3230000 |
| १.०२ | भत्ताा (महंगी, खाजा,प्रोत्साहन भत्ता ) | ५००००० | 700000 |
| १.०४ | पोशाक | ११०००० | 125000 |
| १.०८ | कार्यक्रम खर्च | ० | 0 |
| २.०१ | पानी विजुली | १००००० | 150000 |
| २.०२ | संचार | २००००० | 300000 |
| २.०३ | कार्यालय सम्बन्धी (मसलन्द र छपाई ) खर्च | १०००००० | 1250000 |
| २.०४ | घरभाडा | ३००००० | 350000 |
| २.०५ | मर्मत सम्भार | २००००० | 250000 |
| २.०६ | इनधन तथा अन्य इनधन | ३००००० | 350000 |
| २.०८ | विविध | ५००००० | 750000 |
| ४.०१ | दैनिक भ्रमण भत्ता | २००००० | 250000 |
| ४.०५ | फर्निचर | ५०००० | 100000 |
| ६.०१ | सवारी साधन (मोटसाइकल,साइकल) खरिद | २००००० | 400000 |
| | नगरपरिषद खर्च | २००००० | 250000 |
| | पूस्तक तथा पत्रपत्रिका | ५०००० | 15000 |
| | विपद व्यवस्थापन खर्च | ५००००० | 600000 |
| | सेवा निवृत्त कर्मचारी सुविधा | ० | 0 |
| | मुद्दामामिला खर्च | ५०००० | 10000 |
| | परामर्श तथा अन्य सेवा शूल्क | ५००००० | 700000 |
| | **जम्मा** | **७५९००००** | 10905000 |

**निर्णय नं.२** -आ.व २०७२।७३ को योजना संचालन संबन्धमा ।

**आ.व.२०७२।०७३ को संशोधित योजना/कार्यक्रमतथा बजेट देहायअनुसार बाँडफाँड गरिएको छ ।**

**तपशिल**

| **सि.नं.** | **विवरण** | स्वीकृत बजेट |
|---|---|---|
| १ | न.पा.अनुदान पुंजीगत | २,८६,२०,०००।- |

| **सि.नं.** | **विवरण** | बाँडफाड रकम |
|---|---|---|
| म्याचिङ फण्ड जगेडा कोष कार्यक्रम सडक बोर्ड कार्यक्रम नगर विकास कोष | | ५०,००,०००।- |
| सवारी साधन खरिद | | ३०,००,०००।- |
| ३ प्रतिशत कन्टिन्जेन्सी कट्टी | | ८,५८,६००।- |
| | | |
| बाँकी बजेट१९७६१४००।- | | |
| | | |
| १० प्रतिशत बालबालिका वर्गको कार्यक्रम | | १९,७६,१४०।- |
| १० प्रतिशत महिला तर्फ | | १९,७६,१४०।- |
| १५ प्रतिशत लक्षित वर्गको कार्यक्रम | | २९,६४,२१०।- |
| | | |
| बाँकी बजेट १,२८,४४,९१०।- | | |
| | | |
| जम्मा भौतिक पूर्वाधार रकम १,२८,४४,९१०।- | | |
| पूर्वाधार विकास (६०% ) | | ७७,०६,९४६।- |
| प्रवर्धनात्मक (४०% ) | | ५१,३७,९६४।- |
| जम्मा : | | २,८६,२०,०००।- |

| अ) | **बालबालिकातर्फ १० %** | **रु.१९,७६,१४०।-** |
|---|---|---|

| | |
|---|---|
| १) प्रवेशिका दिईसकेका विधार्थीहरुलाई कम्प्युटर तालिम वडा नं.१ देखि १२ सम्म | १,००,०००।- |
| २) खेलकुद सामान खरिद र खेलकुद प्रतियोगिता वडा नं.१ देखि १२ सम्म | १,००,०००।- |
| ३) हाजिरी जवाफ प्रतियोगिता वडा नं.१देखि १२ सम्म | ५०,०००।- |
| ४) बाल उद्यान (चिल्ड्रेन पार्क ) ब.न.पा.वडा नं.२ | ४,००,०००।- |
| ५) मा.वि.र क्याम्पसका विधार्थी साइवर क्राईम सचेतना कार्यक्रम वडा नं. १ देखि १२ सम्म | ५०,०००।- |
| ६) शिक्षा पूर्वाधार (प्राविधीकको ल.ई अनुसार ) | ३,५०,०००।- |
| ६.१. जनजागृति प्रा.वि.बर्दिबास ब.न.पा.३ १,५०,०००।- | |
| ६.२.सेम नेपाल नि.मा.वि.गढन्ता ब.न.पा.१० १,००,०००।- | |
| ६.३.रा.प्रा.वि. ब.न.पा.८ ५०,०००।- | |
| ६.४.जन ज्योति प्रा.वि ब.न.पा.९ ५०,०००।- | |
| ७) सामुदायिक विद्यालयका कक्षा आठदेखि १२ सम्मका जेहेन्दार विधार्थीहरुलाई पुरस्कार र प्रशंसा पत्रवितरण | ७६,१४०।- |
| ८) वाड नं.११ ईच्छेश्वर मा.वि.भौतिक निर्माण,छाना निर्माण र कम्पाउन्ड वाल | २,००,०००।- |
| ९) वडा नं.४ जनता मा.वि को प्राविधिक शिक्षालय व्यवस्थापन | २,००,०००।- |
| १०) सरस्वति मा.वि. कालापानि विधालय मर्मत र फर्निचर | १,५०,०००।- |
| ११) भब्सी प्रा.वि. मर्मत सम्भार | ५०,०००।- |
| १२) जनजागृति उ.मा.वि. पाटु कम्प्युटर भवन निर्माण | २,५०,०००।- |

| आ) | **महिलातर्फ १० %** | **रु.१९,७६,१४०।-** |
|---|---|---|

| | |
|---|---|
| - लोक सेवा तयारी कक्षा संचालन | १,५०,००० ।- |
| - व्यूटी पार्लर प्रशिक्षण वडा नं.१ देखि १२ सम्म | १,५०,०००।- |
| - सिलाइ कटाई तालिम वडा नं.१ देखि १२ सम्म | १,५०,०००।- |
| - कम्प्युटर तालिम वडा नं.१ देखि १२ सम्म | १,५०,०००।- |
| - अन्तराष्ट्रिय नारी दिवस लगायत अन्य महिला दिवस समारोह वडा नं.१ देखि १२ सम्म | १,००,००० ।- |
| - ब.न.पा.को नगर क्षेत्रमा महिला आश्रय स्थल भवन निर्माण स्थल चयन गरी कार्य शुरु गर्ने | ८,००,०००।- |
| - चेतना मुलक तथा महिला पुरुष सम विकास कार्यक्रम वडा नं.१ देखि १२ सम्म | ५०,०००।- |
| - महिला स्वास्थ्य स्वयम सेविका कार्यक्रम (३६×४००×१२) | १,७२,८००।- |

| | |
|---|---|
| - सिलाई मेशिन तथा अन्य तालिम सामग्री खरिद | १,५०,०००।- |
| -विशेषज्ञ स्वास्थ्य शिविर | १,०३,३४० ।- |

| | | |
|---|---|---|
| **इ)** | **पछाडी परेकाको लगायत लक्षित वर्गतर्फ १५%**<br>**(आ.ज./दलित/मुस्लीम/अपांग/जेष्ठ नागरिक/पिछडा वर्ग )** | **रु.२९,३४,२१०।-** |

| | |
|---|---|
| १) जेष्ठ नागरिकहरुलाई सम्मान कार्यक्रम | १,००,००० ।- |
| २) लक्षित समूह बहुउद्देश्य सामुदायिक भवन ( नगर केन्द्र क्षेत्रमा ) | ४,३४,२१०।- |
| ३) उपरोक्त सबै लक्षित वर्गका लागि लोक सेवा तयारी कक्षा संचालन वडा नं. १ देखि १२ सम्म | १,५०,००० ।- |
| ४) उपरोक्त सबै लक्षित वर्गका लागि कम्प्युटर तालिम वडा नं.१ देखि १२ | १,००,००० ।- |
| ५) उपरोक्त सबै लक्षित वर्गका लागि मोटरसाईकल, प्लम्बर हाउस वायरिङ तालिम | १,५०,००० ।- |
| ६) अपांग परिचय पत्र वितरण कार्यक्रम वडा नं.१ देखि १२ सम्म | १,००,००० ।- |
| ७) मुस्लीम समुदाय शसक्तीकरण कार्यक्रम वडा नं.१ देखि १२ सम्म | ५०,००० ।- |
| ८) वडा नं.२ को मुसहरी टोलमा सार्वजनिक शौचालय निर्माण | ४,००,०००।- |
| ९) ठूलो दमारको जनजाति बस्ती नयाँटोल सानो पेटी दलित बस्तीमा बाटो निर्माण | १,००,००० ।- |
| १०) गढन्ता जनजाति बस्तीमा खानेपानी मर्मत (गढन्ता विधालयको लागि) | १,००,००० ।- |
| ११) ढुंग्रे जनजाति बस्तीमा खानेपानी मर्मत | १,००,००० ।- |
| १२) विभिन्न वडाको लक्षित समूहको वस्तीमा खानेपानी सरसफाई सम्बन्धी कार्यक्रम (ODF ) | ४,००,०००।- |
| १३) भाषा, धर्म,संस्कृति, परम्परा संरक्षण र सम्बर्धन कार्यक्रम | ५०,००० ।- |
| १४) बर्दिबास नगरपालिका वडा नं.२ मुसहरी टोलबाट उत्तर राजमार्ग जोड्ने बाटो स्तरोन्नती | १,००,०००।- |
| १५) वडा नं.२ को पोखरी सौन्दर्यकरण | ३,००,०००।- |
| १६) पर्साई धापको आदिवासी,जनजाति,दलित बस्तीमा खानेपानी योजना/सिंचाई | १,००,०००।- |
| १७) किसाननगरको पिछडा वर्ग वस्तीमा इनार | २,००,०००।- |

| | | |
|---|---|---|
| **ई)** | **भौतिक पूर्वाधार विकास तर्फ ६० प्रतिशत** | **रु.७७,०६,९४६।-** |

| | |
|---|---|
| क) सर्बे, ड्रोइङ ,डिजाइन, इस्टीमेट खर्च | १,५६,९४६।- |
| ख) बाटो,कल्भर्ट तथा नाला तर्फ | ५५,५०,०००।- |
| ग) प्राविधिक शिक्षा पूर्वाधार तर्फ | ५,००,०००।- |
| घ) ग्रामीण विद्युतिकरण तर्फ | १०,००,००० ।- |
| ङ) खानेपानी तर्फ | ५,००,०००।- |

| | |
|---|---|
| **ख) बाटो,कल्भर्ट तथा नाला रु.५६,५०,०००।-** | |
| | |
| **ब.न.पा.वडा नं.१,२,३ बर्दिबास** | |
| | |
| १) वडा नं.१ हरि बरालको घरदेखि उत्तर हात्तिमारा टोल सम्मको बाटो र नाला | २,२०,०००।- |
| २) विपि राजमार्गदेखि कवर्डहल दक्षिण हुदै देउराली उ.मा.वि.को बाटो स्तरोन्नति | १,५०,०००।- |
| ३) वडा नं.१ संगम चौकदेखि सुरेश रिसालको घर सम्मको बाटोको स्तरोन्तती | ८००००।- |
| ४) वडा नं.१ जोगी खोल्सीमा कल्भर्ट निर्माण / | ५०,०००।- |
| ५) औरहीचौक सन राईज वैंक पश्चिमपट्टीको पूरानो राजमार्ग नाली निर्माण र ग्रावेल | ३,००,०००।- |
| ६) वडा नं.२ शीव मन्दिरदेखि पश्चिम बधशाला जानेबाटो र नाला निर्माण | २,५०,०००।- |
| ७) वडा नं. २ बजारबाट सेन्ट्रल पोइन्ट हुदै राजमार्ग सम्मजानेबाटो स्तरोन्नति | १,००,००० ।- |
| ८) वडा नं. ३ जनता उ.मा.वि.को पश्चिम पट्टीबाट दक्षिण ,पश्चिम बारानचौरहुदै बर्दिबास औरही सडक खण्ड वडा नं.३ जोड्ने बाटो स्तरोन्नति । | १,५०,००० ।- |
| ९) वडा नं.३ बुद्ध चौकदेखि पश्चिम जानेबाटो कल्भर्ट र ग्राबेल रिङरोड सम्म | २०००००।- |
| | |
| **ब.न.पा. वडा नं.४,५,६ गौरीबास** | |
| वि.पि राजमार्ग देखि शान्तिमार्ग बाट उत्तर रातु खोला झर्ने बाटो स्तरोन्तति तथा ढलान | २,५०,०००।- |
| वि.पि.राजमार्गबाट पूर्व बरगाछी हुदै जनता माध्यमिक विधालयबाट विष्टटोल हुदै पाटु जोड्ने बाटो स्तरोन्नति र नाला निर्माण | २,५०,०००।- |
| वडा नं. ५ पाटुचोक देखि वडा कार्यलय उच्च मावि हुदै राकसे खोलामा नालानिर्माण | १२५०००।- |
| वडा नं. ५ पाटु चोकबाट तुलसी धनुषा जाने कृषि सडक नयाँ निर्माण | १२५०००।- |
| वडा नं. ५ भब्सी राई मंडल देखि हात्तिमारा खोला सम्म बाटो निर्माण तथा मर्मत | १२५०००।- |

| | |
|---|---|
| वडा नं. ५ पवनेश्वर मन्दिरदेखि पाटु पुछार सम्म बाटो निर्माण तथा नाला निर्माण | १२५०००।- |
| वडा नं.६ कालापानी बालकिशोर रायमाझीको घर देखि पर्साईधाप जोड्ने बाटो र रातुपूल नजिक पर्यटकीय स्थल निर्माण | ३,००,०००।- |
| **ब.न.पा. वडा नं.७,८,९किसाननगर** | |
| १) वडा नं ८ जुरेटोल सिरानदेखि दक्षिण यादवटोल हुदै फूलबारीटोल जाने शाखा बाटो सडक स्तरोन्नति गर्ने | २,५०,०००।- |
| २) वडा नं.७ नारायण साहको घरदेखि पूर्व ज.न.उ.मा.वि.चौलिखा जोड्ने सडक स्तरीकरण | २,००,०००।- |
| ३) चौलिखादेखि वडहरी जानेबाटो खण्डमा पर्ने पथरा खोलामा कल्भर्ट निर्माण | ४,००,०००।- |
| ४) वडा नं.७ को बडहरी खोलादेखि पश्चिम उप स्वास्थ्य चौकीहुदै वडा नं.८ को हनुमानचौक भई वडा नं.९ को श्री जन जागृती मा.वि.को नजिक पोखरी हुदै मसानघट्टा जोड्ने सडक स्तरीकरण र कल्भर्ट निर्माण | ४,००,०००।- |
| **ब.न.पा. वडा नं.१०,११,१२ माईस्थान** | |
| १) वडा नं.१० पंचधुरा मन्दिर पूर्व उकालो बाटो स्ल्यापनिर्माण | ४,००,०००।- |
| २) वडा नं.१० रजबासे टोलबाट वडा नं.२ को ट्रान्सफर्मर सम्मको बाटो ग्रावेल तथा बाटो मर्मत | १०००००।- |
| ३) वडा नं.११ सूना पेटी देखि गढन्ता गाउँ जानेबाटो मर्मत | ५०००००।- |
| ४) वडा नं.१२ ढुंग्रे पुछार देखि कल्भर्ट,विधालय हुदै जोर बाटो र टुटेश्वर फार लाईन टुटेश्वर निमावि हुदै डाँडाटोल बाटो मर्मत तथा ग्राबेल | ५०००००।- |
| | |
| **ग ) प्राविधिक शिक्षा पूर्वाधारतर्फ**<br>(वडा नं.४ मा रहेको पशु स्वास्थ्य प्राविधिक शिक्षालयको पूर्वाधार विकास ) | **रु.५,००,०००।-** |
| | |
| **घ) विधुतिकरण रु.१०,००,०००।-** | |
| ट्रान्सफर्मर तथा विजुली तार पोल खरिद | १०,००,०००।- |
| **ङ) खानेपानी तर्फ रु ५,००,०००।-** | |
| खानेपानी पाईप तथा अन्य सामग्री खरिद | ५,००,०००।- |
| **प्रवर्धनात्मक कार्यक्रम तर्फ रु.५१,३७,९६४।-**<br>(संस्थागत क्षमता विकास, शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई, कृषि, वन,वातावरण, विपद, जलवायू परिवर्तन वैकल्पिक ऊर्जा लगायत अन्य प्रवर्धनात्मक कार्यक्रम ) | |

| | |
|---|---|
| **१) संस्थागत /क्षमता विकास तर्फ** | |
| १) कम्प्युटर ,फोटोकपि मेसिन, इन्भर्टर र अन्य उपकरण खरिद | ३,००,०००।- |
| २) मोटरसाईकल खरिद | २,१०,०००।- |
| ३) अवलोकन भ्रमण | ५,००,०००।- |
| ४) सफ्टवेयर जडान | ४,५०,०००।- |
| ५) पत्रकारिता प्रशिक्षण | ५०,०००।- |
| ६) कर्मचारी तथा प्रतिनिधीहरुलाई प्रशिक्षण कार्यक्रम | १,५०,००० ।- |
| ७) कर शिक्षा र व्यवसायिक तथा स्थानीय अन्य कर अशूली प्रवर्धन कार्यक्रम | १,००,००० ।- |
| ८) सामाजिक सूरक्षा अभिलेखीकरण र व्याँकीङ कार्यक्रम | १,००,००० ।- |
| ९) कर लागत संकलन र अभीलेखीकरण | १,००,००० ।- |
| १०) नगर परिचय पुस्तिका तयारी र छपाई | १,००,००० ।- |
| ११) नागरिक वडापत्र अध्यावधिक | १,५०,००० ।- |
| | |
| **२) सौर्य उर्जा तर्फ** | **४,५०,०००।-** |
| **3) शिक्षा,संस्कृति,भाषा,धर्म,कला, विभिन्न दिवस,उत्सव आदि मनाउन** | ५०,००० ।- |
| **४) स्वास्थ्य,सरसफाई ,पोषण ,ओडिएफ** | ३,५०,००० ।- |
| **५) वन,वातावरण, विपद,जलवायू परिवर्तन, प्लाष्टिक झोला निषेध सम्बन्धी सचेतना र सुधारिएको चूल्हो कार्यक्रम** | ३,००,०००।- |
| **६ ) सिकर्मी, डकर्मी तालिम कार्यक्रम** | १,५०,००० ।- |
| ७ ) **कृषि/पशु प्राविधिक शिक्षा सेवा प्रवर्धन कार्यक्रम तर्फ** जनता मा.वि.मा रहेको प्राविधिक शिक्षालयको पूर्वाधार विकास | ८,००,०००/- |
| ८ ) पंचधुरा उ.मा.वि.मा खानेपानी योजना | २,००,०००।- |
| ९ ) विभिन्न वडाका साना सिंचाई मर्मत | २,००,०००।- |
| १०) नगर सूरक्षा कार्यक्रम तथा इ .प्र.का.बर्दिबासमा शौचालय निर्माण | १,५०,०००।- |
| ११) सार्वजनिक जग्गा संरक्षण कार्यक्रम | ४७७९२४।- |

## जगेडा कोष कार्यक्रम तर्फ

*क) पहिलो प्राथमिकताको योजनाहरु*

| क.सं. | आयोजनाको विवरण | आयोजना स्थल | कूल लागत अनुमान | मन्त्रालय संग माग गरिएको रकम | स्थानीय तहबाट व्यहोरीने लागत सहभागिता |
|---|---|---|---|---|---|
| १ | बर्दिबास न.पा.को कार्यलय भवन निर्माण | ब.न.पा. | १,००,००,०००।- | ५०,००,०००।- | ५०,००,०००।- |
| २ | J.C.B, टिपर र सक्सन मेसिन आदि खरिद | ब.न.पा. | ५०,००,०००।- | ४५,००,०००।- | ५,००,०००।- |
| | **(ख) बैकल्पिक योजनाहरु** | | | | |
| १ | पिच सडक , पक्की नाला निर्माण र वृक्षरोपण | बर्दिबास औरही चौकदेखि उत्तर बरगाछी टोल हुदै पानीखोल्सी जानेबाटो सम्म | ५००००००।- | २५०००००।- | २५०००००।- |
| २ | पिच सडक , पक्की नाला निर्माण र वृक्षरोपण | बर्दिबास नयाँ अस्पतालदेखि पूर्व बुद्ध चौक हुदै रातुखोला किसाननगर जानेबाटो | ५००००००।- | २५०००००।- | २५०००००।- |
| ३ | ,, | राजमार्गदेखि उत्तर माइस्थान वडा कार्यालय सम्म जाने बाटो | ५००००००।- | २५०००००।- | २५०००००।- |

**सडक बोर्ड तर्फ - रु.३०,००,०००।-**

१.रातुपूल देखि रजाबास हुदै पर्साई धाप सम्मको सडक -रु.१०,००,०००।-

२.मसानघट्टादेखि पूर्व किसाननगर जाने बाटो -रु.१०,००,०००।-

३.राजमार्गदेखि उत्तर वडा नं.१० भब्सी जाने बाटो -रु.१०,००,०००।-

## आन्तरिक पूँजीगत तर्फ (आन्तरिक,मालपोत,कन्टिन्जेन्सी ) रु.१,०८,९६,५००।-

| क्र.सं. | योजनाको नाम | विनियोजित बजेट |
|---|---|---|
| १ | टोटल स्टेशन खरिदको बाँकी भूक्तानी | २,८०,०००।- |
| २ | मोटरसाइकल /साइकल | ३,००,०००।- |
| ३ | कम्प्युटर र उपकरण | ३,००,०००।- |
| ४. | फर्निचर र फर्निसिङ | ३,००,०००।- |
| ५ | समपूरक कोष | ३०,०६,५००।- |
| ६. | दैवी प्रकोप | ५,००,०००।- |
| ७. | हेफर प्रोजेक्टतर्फका कार्यक्रमहरु | ६,००,०००।- |
| ८. | लक्षित समूह विकास कार्यक्रम सामाजिक परिचालन/विकास कार्यक्रम | ५,००,०००।- |
| ९. | प्रवर्धनात्मक कार्यक्रमहरु | ५,००,०००।- |
| १० | पार्क सौन्दयीकरण | ८,००,००० |
| ११. | सर्प दंश उपचार केन्द्र प्रवर्धन | २,००,००० |
| १२ | संस्थागत क्षमता विकास कार्यक्रम | ८,१०,०००।- |
| १३. | पूर्वाधार विकास<br>क) कार्यालय परिसरमा स्टोर कक्ष निर्माण तथा मर्म त<br>ख) वडा नं.२ को अधूरो धर्मशाला | १०,००,०००।-<br>७०००००<br>३००००० |
| १४. | कार्यालय व्यवस्थापन | ५,००,०००।- |
| १५ | विभिन्न वडा स्तरीय सडक/योजनाहरुको मर्मत सम्भार<br>१) न.पा. कार्यालयको पछाडीको बाटो<br>२) सनराईज वैंकबाट पश्चिम,दक्षिण नवक्षितिज सम्मको बाटो<br>३) फारस हमालको घरबाट पूर्वको बाटो<br>४) टुटेश्वरनाथ मन्दिर जाने बाटो<br>५) भब्सी जाने बाटो<br>६) ब.न.पा.वडा नं.३ देखि दक्षिण जाने पैनी मर्मत<br>७) अ.दु.अ.आ.को जग्गामा तारबार<br>१०) विभिन्न वडाका सडकहरु ( माग र आवश्यकताको आधारमा )<br>११) ब.न.पा.५ वि.पि. राजमार्ग देखि काकड भित्ता हुदै खड्का डाँडा जाने बाटोको खोल्सीमा कल्भर्ट निर्माण १,५०,०००।-<br>१२) ब.न.पा.५ कै वि.पि.राजमागबाट पाटु पुच्छार नालीनिर्माण ५०,०००।-<br>१३) ब.न.पा.५ को वडा कार्यालयबाट खड्का डाडा हुदै खारसाल सम्म तार र पोल निर्माण १,००,०००।- | १०,००,०००।- |

| | | |
|---|---|---|
| | १४) वडा नं.१ को वरगाछी  टोल,देउराली उ.मा.वि.हुदै वि.पि.राजमार्ग बाटो   १,५०,०००।-<br>१५) जोगी खोल्सी (वडा नं.१ ) को कर्ल्भट   ५०,०००।- | |
| | १६) वडा नं.८ को प्रेम नगरको पूर्व पश्चिम पशुपति नगर र बडहरी खोला सम्म बाटो मर्मत  १,००,०००।- | |
| | १७) वडा नं.७ को तित्रि बोटदेखि दक्षिण हुदै मनहरी पुर जाने बाटो सम्म मर्मत   ५०,०००।- | |
| | १८) वडा नं.७ को केशव सुवेदीको घरदेखि पूर्व पथरा खोल्सी सम्म बाटो मर्मत र ह्यूम पाईप ५०,०००।- | |
| | १९) वडा नं.१ को वरगाछी टोल,देउराली उ.मा.वि. हुदै वि.पि.राजमार्ग जाने बाटो ।    १,००,०००।- | |
| | २०) वडा नं.९ को जनजागृति मा.वि.देखि पूर्व रातुखोला हुदै वडा नं.८ को सिरान सम्म । ५००००।- | |
| | २१) वडा नं.८ को पूर्व पश्चिम शाखा सडक  ५०,०००।- | |
| | २२) पाटुबाट रातु खोला जाने कृषि सडक २,००,०००।- | |
| | २३) आर्यघाटको मर्मत सम्भार   २५,०००।- | |
| १६ | विभिन्न योजनाहरुको सर्वे र स्टीमेट | ३,०००००।- |
| | जम्मा | १,०८,९६,५०० |

**<u>सडक सर्वे ड्रईङ डिजाइन तर्फ</u> -** चालु आ.व.मा तपशिल बमोजिमको साथै अन्य सडक तथा योजनाहरु सर्वे गरिने छ ।

**तपशिल**

१) बडहरी खोलादेखि पश्चिम, उपस्वास्थ्य चौकी, हनुमान चौक हुदै मसानघट्टासम्म

२)  चौलिखाबाट पश्चिम ,जनजागृति मा.वि.सम्म

३)  भिष्मकुमार खड्काको घरदेखि पश्चिम वडा नं.९ जनता प्रा.वि. हुदै बुद्धचौक सम्म

४) पाटुबाट टुटेश्वर मन्दिर जोड्ने बाटो

५) अन्य बाटो तथा योजनाहरु

६  **बिभिन्न नाला हरु सफाई गर्न**

<u>निर्णय नं.३-बस्ती विकास , सहरी योजना तथा भवन निर्माण सम्बन्धमा -</u>

१. बर्दिबास नगरपालिकाको बस्ती विकास,सहरी योजना तथा भवन निर्माणको लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले स्वीकृत गरेको बस्ती विकास ,सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्गदर्शन,२०७२ लाई स्वीकृत प्रदान गर्दै यसैलाई नै प्रचलनमा ल्याउने निर्णय गरियो ।

२.साथै सहरी विकास मन्त्रालयबाट प्रतिपादीत भवन आचार संहीता, भवन निर्माण सम्बन्धी नमूना माप दण्ड २०७१ र सहरी योजना सम्बन्धी आधारभूत मापदण्ड २०७१ लाई समेत प्रयोग गर्ने निर्णय गरियो ।

३.न.पा.गठन पूर्व निर्माण सम्पन्न भैसकेका वा निर्माण कार्य प्रारम्भ भई हाल सम्म निर्माण भैरहेका भवनहरुको नक्शा पास प्राविधिकको प्रतिवेदन अनुसार  जे अवस्थामा छ सोही अवस्था कायम गरी चालु आ.व.को पुस मसान्त सम्म जरिवाना छुटमा नक्शा पास तथा निर्माण सम्पन्न प्रमाण पत्र दिने निर्णय गरियो ।

**निर्णय नं.४- यस  नगरपालिका बाट नयाँ निर्माण हुने तथा निर्माण भै सकेका** आवासियभवनको **नक्सा पास का लागि तपसिल बमोजिमको दर रेट निर्धारण गरियो** । साथै व्यवसायिक प्रयोजनको लागि बनाइएको घरको थप शत प्रतिशत नक्शा पास शूल्क लाग्ने छ (आवासीय घरमा एउटा मात्र कोठा व्यवसायिक प्रयोजनको लागि भए /सटर भए मार्गदर्शन २०७२, अनुसार पुरै घरलाई व्यवसायिक भवन मानिने छ ।)

<u>तपसिल</u>

भूई तल्लाको प्रति स्क्वायर फिट रु. २।-
प्रथम तल्लाको प्रति स्क्वायर फिट रु.३।-
दोस्रो तल्लाको प्रति स्क्वायर फिट रु.३.५०।-
प्राविधिक शूल्क रु. ५००।-
नक्शा पास पुस्तिका तथा निवदेन रु.५००।-

**निर्णय नं.५ पदपुर्ति समितिको अध्यक्ष सम्बन्धमा ।**

३.स्थानीय स्वायत्त शासन नियामावली ,२०५६ को नियम २१५ मा व्यवस्था भए अनुसारको पदपुर्ति समितिको अध्यक्ष पदको  लागि यस नगरपालिकाबाट सूचना प्रकाशन हुदा बर्दिबास नगरपालिका वडा नं.२ बस्ने श्री खड्गबहादुर सिंहको मात्र निवेदन प्राप्त भएको र सो फाईल नियम २१५ क अनुसार उपयुक्त देखिएकोले निज खड्गबहादुर सिंहलाई यस कार्यालयको पदपुर्ति समितिको अध्यक्ष पदमा छनौट भएको निर्णय गरियो ।

यस नगरपालिकाको पदपुर्ति समितिको प्रथम अध्यक्ष पदमा छनौट हुनु भएकोमा निजलाई बधाई तथा सफल कार्यकालको शूभकामना ।

**निर्णय नं.६   कार्यालय भवन** र जग्गा प्राप्ति **सम्बन्धमा ।**

बर्दिबास नगरपालिका हालको कार्यालय भन्दा दक्षिणतर्फ रहेकोवडा नं.२, स्थित रहेको साविक २५ नं. बहादुर गञ्ज वडा नं.५ को कि.नं.१२६, क्षेत्रफल १-१५-० जग्गा कोहीकसैको नाममा जग्गाधनी

प्रमाण पूर्जा नभएको हुँदा उक्त जग्गामा यस कार्यालयको  नाममा दर्ता कायम गराई कार्यालय भवन निर्माणको लागि आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं.७** यस नगरपालिका बाट आ व २०७१/२०७२ मा भएका खर्च हरु, निर्धारण गरिएका सरसफाई कर , बिज्ञापन र बजार कर  अनुमोदन गरियो /

**निर्णय नं.८ दरबन्दी संरचना सम्बन्धमा ।** यस बर्दिबास नगरपालिकाको प्रथम नगर पषिदबाट स्वीकृत यस कार्यालयको दरबन्दी संरचना र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको च.नं.२२०९ मिति २०७१।१०।०६ को संगठन संरचना र जनशक्ति व्यवस्थापन सम्बन्धी परिपत्र समेतको आधारमा तपशिल बमोजिमको संशोधित संगठन संरचना रहने निर्णय गरियो ।

**तपशिल**

| क्र. सं | पदको नाम | प्रथम नगर परिषदबाट स्वीकृत संख्या | मन्त्रालयको परिपत्र अनुसारको प्रस्तावित संख्या | हालको संशोधित संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | कार्यकारी अधिकृत | ० | १ | १ | |
| २ | लेखापाल | ० | १ | १ | |
| ३ | सिभिल इन्जिनियर | १ | १ | १ | |
| ४ | सिभिल /आर्किटेक इ. | ० | ० | १ | मन्त्रालयको मार्गदर्शन २०७२, अनुसार |
| ५ | सब इन्जिनियर | १ | २ | २ | |
| ६ | सहायक पाँचौं | ४ | ३ | ३ | |
| ७ | सहायक चौथौं | ६ | ११ | ११ | |
| ८ | आ.ले.प.सहायक,चौथो | १ | ० | १ | न.पा.मा यो पद आवश्यक रहेको |
| ९ | असिस्टेन्ट सब इन्जिनियर | २ | २ | २ | |
| १० | सर्बेक्षक ,सहायक पाँचौं | ० | ० | १ | अमिनको साटो सर्बेक्षक उपयुक्त हुने |
| ११ | अमिन,सहायक चौथो | २ | १ | ० | |
| १२ | कम्प्युटर अपरेटर | १ | ० | १ | न.पा.मा यो पद आवश्यक रहेको |
| १३ | इलेक्ट्रीसियन,सहायक चौथो | २ | ० | ० | |
| १४ | विद्युत हेल्परश्रेणी विहिन | २ | ० | ० | |
| १५ | सबारी चालक(हल्का र भारी ) | ३ | १ | ३ | न.पा.मा चालू वर्षमा कम्तिमा ३ जना |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | सवारी चालक आवश्यक रहेको |
| १६ | कार्यालय सहयोगी | ५ | ६ | ६ | |
| १७ | अन्य | ३५ | ० | ० | |
| | जम्मा | ६३ | २९ | ३४ | |

**नोट :-** नगरपालिकाको कार्यबोझ र आम्दानीको आधारमा उपरोक्त दरबन्दी संरचना परिषदबाट संशोधन हुने छ ।

**निर्णय नं.९** यो भन्दा पहिला नगरपालिका बोर्ड बैठकबाट भएका कार्यालय तथा योजना सञ्चालन सम्बन्धी निर्णयहरु अनुमोदन गरियो ।

**निर्णय नं.१० यो** विशेष परिषदका निर्णयहरु कार्यान्वयनका साथै कार्यालय एवम् योजना संचालनका लागि आवश्यक पर्ने थप निर्णय गर्ने अधिकार नगरपालिका बोर्डलाई दिइएको निर्णय गरियो।

**निर्णय नं. ११** बर्दिवास जलेश्वर ,पुर्व पश्चिम लोक मार्ग सार्वजनिक सडक क्षेत्रभित्रको जमिनमा रहेको विजुलीपोल,टेलिफोनको पोल र तार , खानेपानी ट्यान्की लगाएत ब्यापारी उद्देश्य राखी बनाईएका घर टहराहरु ले नगर विकास र सौन्दर्यीकरण तथा फोहर ब्यवस्थापनमा समस्या पुर्‍याउने हुदा सो संरचनाहरु ब्यवस्थापन गर्न (हटाउन) स्थानियप्रशासन , सम्बन्धित ब्यक्ति वा निकाय संग समन्वय र सहकार्य गरी प्रकृया अगाडी बढाउने साथै सावीक नक्सा अनुसारको र सहमतीमा खोलिएको बाटो समेत हाल अतिक्रमण भएको हुदा सो बाटोहरु समेत छुट्याउने निर्णय गरीयो ।

**निर्णय नं.१२** नगरपालिका कार्यालयमा  दैनिक दर्ता हुनआउने उजुरी निवेदन सम्बन्धमा छलफल , तथा निर्णयगरि न्यायीकप्रत्याभूति गराउन जनप्रतिनिधि नभएको अवस्था र न.पा. मा प्रयाप्त कर्मचारी नभएको अवस्थाले गर्दा , उजुरी निवेदनमा दुवै पक्ष झिकाई समयमा छलफल गराउन ,  प्रभावकारी निर्णय दिन सर्वपक्षिय संयन्त्रको मध्यस्थता समिति गठन गरि सोही समिति मार्फत छलफल तथा निर्णय गर्न ,गराउन निम्न पार्टी तथा संजालको प्रतिनिधि रहने गरि  निर्णय गरियो ।

**तपशिल**

नेपाली काँग्रेस

ने.क.पा. एमाले

ने.क.पा.एमाओवादी

रा.प्र.पा.नेपाल

ने.क.पा.-माओवादी

तमलोपा

सदभावना लोकतान्त्रिक

रा.म.स.पा

*नगर स्तरीय महिला , दलित, आदिबासी ,जनजाति ,पिछडा वर्ग संजाल*

**निर्णय नं.१३** गत आर्थिक वर्ष २०७१।७२ प्रथम नगर परिषदले आ.व. २०७२।७३ प्रस्तावित योजनाहरु प्राथमिकताको आधारमा छनौट तथा संशोधन गरि चालु आ.व.मा कार्य सम्पन्न गर्नु पर्ने भएको र म्याचिङ फन्ड शीर्षकमा छुट्याइएको रकम केन्द्रीय कार्यक्रमहरुमा खर्च नभए सो रकम प्रथम परिषदमा चालु आ.व.को लागि छनौटमा परेका योजनाहरुमा खर्च गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १४ . करार सेवा नवीकरण र सूविधा सम्बन्धमा ।**

यस बर्दिबास नगरपालिका कार्यालयको दैनिक प्रशासनिक कामकाजको साथै प्राविधिक कार्यको लागि विगत देखि नै करारमा रहेका कर्मचारीहरु / सेवाप्रदायकहरुको कर्मचारी पदपुर्ति नहुन्जेल वा अर्को व्यवस्था नभएसम्म आगामी आ.व.२०७२।०७३ मा समेत निरन्तरता दिने र आवश्यकता अनुसार नियामानुसार पोशाक भत्ता, चाडपर्व भत्ता, फिल्ड / खाजा भत्ता रु ५० देखि रु.१०० सम्म दैनिक, संचार भत्ता रु.३०० मासिक आदि दिने निर्णय गरियो ।

निर्णय नं.**१५** कार्यालयको आन्तरिक आम्दानी वृद्धि समेतको आधारमा कार्यालय समय भन्दा अघि पछी र विदाको दिनमा समेत कार्यालयको कार्य गर्ने कर्मचारीहरुलाई काम गरेको दिनको तलव स्केलको ५० प्रतिशत प्रोत्साहन भत्ता दिईने निर्णय गरियो ।

निर्णय नं.**१६** सरसफाई तथा फोहरमैला ब्यबस्थापन शुल्क तर्फ तपसिल बमोजिमको निर्धारित दर लाई अनुमोदन गरियो /

**तपशिल ( मासिक शूल्क )**

क) आवासिय घर

१. कच्चि तथा फुसको घर ( खरको छानो ) - निशूल्क

२. अर्ध पक्की घर ( टायल तथा खपडाको छानो ) - रु. १०

३. पक्की भूइतल्ले चार कोठासम्मको - रु.२५

( थप प्रति कोठा वापत रु. १० )

४. पक्की दुई देखि तिन तल्ला - रु ५०

( थप प्रति कोठा रु. १० )

५. पक्की चार तल्ला भन्दा बढि - रु १००

**ख ) होटल, लज,नर्सिङ होम अस्पताल तथा अन्य व्यवसायिक भवन**

१. चिया,खाजा पसल -रु .३०

२.साना तथा मझौला होटल - रु. ५०

३. मझौला होटल तथा लज - रु. १००

४. ठूला होटल तथा लज - रु ३००

५. ३ स्टार होटल - रु. ५००

६. साना क्लीनिक तथा औषधी पसल - रु. ५०

७. पोलि क्लीनिक तथा नर्सिङ होम- रु. १००

८. निजी अस्पताल १५ वेड भन्दा - रु.२००

९. मिटिङ , तालिम तथा सभा हल - रु. ५०

१०. वित्तीय /सहकारी संस्था - रु.५०

११. वैंक - रु.१००

**ग) उद्योग**

१. ठूलो क्रसर उद्योग - रु. १०००, सानो क्रसर उद्योग -रु. ५००

२. ठूलो ग्रिल उद्योग - रु. ७५ , सानो ग्रिल उद्योग - रु.५०

३. टाली उद्योग - रु.५० मासिक वा रु. १० प्रति ट्याक्टर

४.खाद्य उद्योग ( धान,चामल,पिठो,चिउरा,मूरही,दालमोट आदि ) - रु. १०० , मसला, पाउरोटी -रु. ५०

५. छापाखाना - रु. ५०

६. व्यवसायिक कुखुरा फार्म -रु. ५०

७. व्यवसायिक अण्डा फार्म -रु. २५

८.फर्निचर /काष्ठ उद्योग ,सो मिल - रु ५०

९.अन्य साना उद्योग तथा व्यवसाय -रु. १०

**घ) व्यवसाय**

कपडा पसल -रु.५० ,किराना होलसेल - रु.१००, किराना खुद्रा- रु.५०, ठूला सून चाँदी पसल, - रु.१००,साना सुनचाँदी पसल -रु.५०

ठूलो पुस्तक तथा पत्रिका पसल - रु. ५०, साना पुस्तक पसल -रु. २५

साइकल पसल - रु ५०

मोटरसाइकल सो रुम - रु २००

मोटर साइकल ग्यारेज - रु ५० , बस ग्यारेज रु.१००

फोटो स्टुडियो तथा साइबर - रु. २५

कोल्ड स्टोर तथा अनुमति प्राप्त मदिरा खुद्रा पसल - रु ५० , होलसेल रु.१००

सिमेन्ट तथा हार्डवेयर पसल - रु. ५० , गोदाम रु.१००

कुखुरा तथा खसि मासु पसल - रु. १००

फलफूल तथा तरकारी पसल प्रति सटर - रु.५०

एग्रोभेट - रु. ५०

इलेक्ट्रीकल तथा इलेक्ट्रोनिक्स - रु. ५०

फर्निचर व्यवसाय - रु ५०

टेलरिङ, ब्युटी पार्लर ,सैलुन - रु ५०
पट्रोलपम्प - रु १००
डेरी उद्योग - रु ५०
सिनेमा हल - रु २००
भाँडा पसल - रु ५०
निजी विद्यालय, प्राविधिक , व्यवसायिक इन्स्टिच्युट -रु. १००
कम्प्युटर लगायत अन्य ट्रेनिङ इन्स्टिच्युट - रु.५०
कवाडी पसल - रु. १००
अन्य पसल - रु २५ देखि ५०

**ङ) यातायात ( दैनिक ,पटके )**

१. बर्दिबास देखि काठमाडौं चल्ने बस , ट्रक - रु.३०
२. बर्दिबास देखि काठमाडौं चल्ने सूमो हायस र अन्य - रु.२०
३. बर्दिबासबाट चल्ने अन्य स्थानीय तथा छोटो दूरीको बस- रु.२०
४. बर्दिबासबाट चल्ने अन्य स्थानीय तथा छोटो दूरीको टेम्पो तथा म्याजिक - रु. १०
५. अन्यत्रबाट आई बर्दिबास हुदै अन्यत्र जाने सबारीले कुनै पनि स्थानीय निकायमा स्थानीय कर नतिरेको भए प्रति पटक रु. १०
६.ढुवानीसवारी पटके/दैनिक -रु१० ट्याक्टर, रु.२० टिपर,स्काभेटर जेसिवी क्रसर (व्यवसायी बाहेक ) प्रतिपटक रु. २०

**च) अन्य रु २५ देखि रु २०० सम्म लाग्ने छ ।**

**नोट :-** १.आवासिय घरको शूल्क घर धनिले तिर्नुपर्नेछ ।
२.व्यवासयिक भवनको हकमा सम्झौतामा भए बमोजिम वा व्यवसायिले तिर्नु पर्नेछ ।
३. वार्षिक रुपमा उद्योग , व्यवसाय, सम्पतीकर आदि न.पा.मा तिर्न आउँछ तिरको सरसफाई कट्टा गरी बाँकी कर मात्र लिइनेछ ।
४. शूल्क दरमा “वा” लेखि १ भन्दा बढी विकल्प उल्लेख भए करदाताले आफ्नो सुविधा अनुसार कर तिर्नेछ ।
५. आफ्नो आँगन, बारी वा घर अगाडी कम्तीमा ४ वटा रुख रोपी कम्तिमा १ वर्ष हुर्काउने र घरको फोहोर सड्ने , नसड्ने छुट्याइ , सड्ने फोहोरलाई कम्पोष्ट मल बनाउने तथा नसड्नेलाई पुन : प्रयोग गर्ने वा गर्नमा सहयोग गर्ने , व्यक्तिको वर्षभरी तिरेको फोहोर मैला व्यवस्थापन शूल्क फिर्ता हुनेछ ।

**नोट :-** अन्यकर तिर्नुपर्दा सरसफाईको कर घटाएर भुक्तानी गर्ने ।

## निर्णय न १७ -गुदरी बजार शुल्क तर्फ तपसिल बमोजिमको निर्धारित दर लाई अनुमोदन गरियो ।

**स्वीकृत कर दर रेट**

**हाट,बजार ,गुदरी बजार**

१. स्याऊ कार्टुन ठूलो रु ४
२. स्याउ कार्टुन सानो रु २
३. आलु पैठारी प्रति बोराको रु १
४. चामल १ क्वीन्टल रु २
५. मुरी ७ केजीको रु ५
६. मुरी १३ केजीको रु १०
७. प्याज १ बोरा को रु ३
८. खानेतेल १ कार्टुन को रु १
९ .खानेतेल १ टिनको रु २
१०. डाल्डा १ कार्टुनको रु १
११ .डाल्डा जारको रु २
१२ .दलहन १ क्वीन्टलको रु७

१३.चिनी १ बोराको रु ५
१४.नास्पाति प्रतिबोरा रु १०
१५. नास्पाति १ कार्टूनको रु ५
१६ आँप निकासी क्रेटको रु ७ ,प्रति टायर -१५
१७ .सुन्तला प्रति झोला रु ५ ( ५ के.जी )
१८ सुन्तला प्रतिक्रेटको रु ५
१९. तेजपत्ता एक भारीको रु १५
२०. चिउरा १ क्वीन्टलको रु ४
२१ .कवाडी वियरको वोत्तल १ बोराको रु १
२२. कवाडी प्रति केजीको रु १
२३. एक खसि काटेको रु १५
२४. कुखुराको चल्ला १ को रु ५० पैसा
२५. कुखुराको दाना प्रत्यक बोरा रु ५
२६. खुर्सानी हरियो प्रति बोरा रु १५
२७. टमाटर,भान्टा ,काउली ,काक्रो ,मूला लगायत
२८. तरकारीको टायर रु २०
२९. धान गहुँ प्रत्यक बोरा रु ५
३०. धानको ब्रान्ड गुन्डा १ बोराको रु १०
३१. आँटा मैदा प्रत्येक क्वीन्टलमा रु ४
३२. चप्पल जुत्ताको प्रत्यक बोराको रु ५
३३. चप्पल जुत्ताको ठूलो बोराको रु १०
३४. जिरा धनियाँ सुकेको खुर्सानी प्रति बोराको रु १०
३५. कुखुराको अण्डा प्रति क्रेटमा रु १
३६. लैनो भैसी निकासी प्रत्येक गोटामा रु २००
३७. गाईगोरु प्रतिगोटा रु ५०
३८. अदुवा प्रति बोरा रु ३०
३९. घुम्ती पसल (पटके ) रु १०
४०. खसी बाखा प्रतिगोटा जिउँदो रु १०
४१. लोकल हाँस कुखुरा प्रति गोटा रु ५
४२. साग सब्जी र फलफूल पसल रु २
४३. बोट विरुवा प्रति गोटा रु ५
४४. बोट विरुवा प्रति साइकल रु १०
४५. बोट विरुवा प्रति गाडा रु ५०
४६.माछा ठूलो प्रति क्वीन्टल रु १०
४७. दाउरा प्रति भारी रु. ५
४८. दाउरा प्रति साईकल रु १०
४९. दाउरा प्रति टायर रु ५०
५०. दाउरा प्रति ट्याक्टर रु १००
५१. काठको कुन्नी प्रति ट्याक्टर रु १००
५२. काठ निकासी प्रति ट्याक्टर रु ५००
५३. प्रति ट्रक रु २०००
५४. प्रति टायर रु २००
५५. बाँस निकासी प्रति ट्याक्टर रु ५००
५६. प्रति ट्रक रु २०००
५७. प्रति टायर रु २००
५८. बजार भित्रका प्रति घर टहरा प्रतिदिन रु ५
५९. ब्रोइलर कुखुरा प्रति गोटा रु २
६०.अन्य तरकारी प्रत्यक बोरा रु ५ र क्रेट रु २
६१.बजार भित्रको घर टहरा प्रति दिन रु ५ ( व्यवसाय दर्ता भएका बाहेक )
६२. मिठा प्रति चक्की रु.२
६३. मिठा प्रति बोरा

**नोट :-** पट्टामा उल्लेखित दर रेटहरु व्यापारिक प्रयोजनको लागि लागु हुनेछ ।

**:** यस्मा नपरेको बस्तुको कर नगरपालिकाको प्रथम नगरपरिषद् ( २०७१।९।३० ) को निर्णय भए अनुसार गर्ने ।

:- पूर्व पश्चिम राजमार्ग र बर्दिबास जलेश्वर, र बर्दिबास धुलिखेल राजमार्गमा आवत जावत गर्ने मालबाहक सवारीले अन्यत्रबाट ल्याएको र अन्यत्र कर तिरी सकेको अवस्थामा पुन : कर लिइने छैन ।

**निर्णय न १८ -** यस कार्यालय लाई प्राप्त शिक्षा , स्वास्थ्य लगायत बिभिन्न निकाय र समुदाय बाट माग भएका योजना हरु यसै वर्ष पुष मा हुने मूल परिषद् मा पेश गरिने निर्णय गरियो /

निर्णय नं.१९ - नगर विकास समिति गठन सम्बन्धमा : यो नव गठित बर्दिबास नगरपालिकामा नगर विकास समिति गठनको लागि आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं.२० : कर संशोधन सम्बन्धमा : प्रथम नगर परिषदबाट स्वीकृत भएका कर,दस्तुर तथा शूल्क चालु वर्षको मूल नगर परिषदमा संशोधनको पकृया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं.२१ सार्वजनिक जग्गा संरक्षण,प्राकृतिक श्रोत व्यवस्थापन-नगर क्षेत्र भित्रका ऐलानी, पर्ति , सार्वजनिक र नदी उकास जग्गा संरक्षणको लागि आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं.२२ योजना संशोधन सम्बन्धमा : निर्णय भएको योजनाहरु संचालन गर्नु पूर्व प्राविधीक सहितको टोलीले स्थलगत अनुगमन गर्दा सम्भाव्यता र आवश्यकताको आधारमा नगर बोर्डले योजना संशोधन गर्न सक्ने र साथै योजनामा तात्वीक असर नपर्ने गरी विनियोजित बजेट समेत नियमानुसारको परिधी भित्र रही संशोधन गर्न सक्ने निर्णय गरियो ।

निर्णय नं.२३. जग्गा प्राप्ति समितिको प्रतिवेदन :- मिति २०७२ ।४। ५ मा गठन भएको जग्गा प्राप्ति समितिले यस नगरक्षेत्र भित्रका ऐलानी,पर्ति र सार्वजनिक जग्गाहरुको खोज गरी न.पा. समक्ष पेश गरेको प्रतिवेदन अवगत भयो ।

## तपसिल

| क्र.सं. | स्थान | वडा नं. | क्षेत्रफल | भोग चलन | कैफियत |
|---|---|---|---|---|---|
| १ | भोटेचौर | १ | १-१०-० | सार्वजनिक | |
| २ | तामाङटोल | १ | ७-७-११ | ज.मा.वि.बर्दिबास | |
| ३. | भब्सीपूल माथि | १ | २-१०-० | खाली | |
| ४. | तित्री गाछी | १ | १-०-० | खाली | |
| ५. | साझा संस्था | १ | ०-१२-० | साझा संस्था | |
| ६. | साझा संस्था | हात्तिलेट | ०-१२-० | लोप्चन टोल | |
| ७. | रामजानकी गुठी | २ | १-१५-० | विभिन्न व्यक्तिहरुले | |
| ८. | रातुखोला नदी उकास | १-३ | लगभग २०० विगाहा | खाली | |
| ९. | भब्सी पूलदेखि दक्षिण हङकङ टाँडा | १-३ | लगभग ५० | खाली | |

| | | | | | |
|---|---|---|---|---|---|
| | सम्मको नदी उकास जग्गा | | विगहा | | |
| १० | बुद्धचौकदेखि उत्तर काञ्जी हाउस रहेको जग्गा | ३ | ०-२-० | खाली | |
| ११ | बर्दिबास धुलिखेल आयोजना रहेको जग्गा | हाल -४ साविक गौरीबास-२ | ३ विगाहा | आयोजना | आयोजना प्लेस आउट भएको |
| १२ | किसाननगर (किसाननगर - पशुपतिनगर-विजलपुरा-हात्तिलेटबीचको पूरानो रातु खोलाको नदी उकास जग्गा) | साविक वडा नं.६ र ८ हाल -८ | ५कि.मि लम्बाई र करिब ५०० फिट चौडाई भएका करिब २०० हेक्टर | खाली र केही जग्गा क्रसर उद्योगले उत्खनन गरी प्रयोग गर्ने गरेको र साथै केही संस्थाहरुले वृक्षरोपण गरेको | |
| १३. | किसाननगरको साविक १,२,३ र ४ भन्दा पश्चिम र सा.९,८,७ र ६ भन्दा पूर्वको जमिन | हाल ८ र ९ | नखुलेको | क्रसर र अन्य व्यक्तिबाट अतिक्रणको शूरु भएको | नदी उकास |

| थप माग योजनाहरु | |
|---|---|
| १) वडा नं.१ को वरगाछी टोल , देउराली उ.मा.वि हुदै वि.पी राजमार्ग जाने बाटो | १,५०,००० ।- |
| २) वडा नं. २ बजारबाट सेन्ट्रल पोइन्ट हुदै राजमार्ग सम्मजानेबाटो स्तरोन्नति | १,००,००० ।- |
| ३) वडा नं.२ बरमथानको पश्चिम रंगशाला सम्म जानेबाटोमा ग्राबेल , | २०००००।- |
| ४) वडा नं.२ को शैलेसको घरबाट पश्चिम नव क्षितिज क्याम्पस सम्म ग्राबेल नाला र कल्भर्ट निर्माण | १,५०,००० ।- |
| ५) वडा नं. १ र २ को फारस हमालको घरदेखि उत्तर पूर्व जाने कृषि बाटो | रु.५,००,०००।- |
| ६) वडा नं.१ आइ.आर.डि.एसको बाटो उन्नति स्तर | रु२००००००।- |
| ७) वडा नं.१ को चम्पहरी टोलको बाटो स्तरोन्नति | ५००००।- |
| ८) वडा नं.१ बरुण पौडेलको घरदेखि उत्तर पानी खोल्सी सम्मको उत्तर कामी खोल्सी सम्मको बाटो स्तरोन्नति | २०००००।- |
| ९) वडा नं.१ गढन्ते खोल्सीमा तारजाली | १५००००।- |
| १०) वडा नं.२ को बर्दिबास जनता बहुमुखि क्याम्पसको भौतिक पूर्वाधार | २५०००००।- |
| ११) राष्ट्रिय भूमि अधिकार मंच भवन निर्माण | ५०००००।- |
| १२) वडा नं. ११ इच्छेश्वर मा.वि.को भवन निर्माण | ३५०००००।- |
| १३) वडा नं.११ इच्छेश्वर मा.वि. खानेपानी निर्माण | ५०००००।- |
| १४) वडा नं ११ इच्छेश्वर मा.वि.को छानो र पर्खाल मर्मत | १००००००।- |
| १५) वडा नं.१० को राष्ट्रिय नि.मा.वि. वर डाँडा खानेपानी ट्याँकी निर्माण | २५००००।- |
| १६) वडा नं.१० को राष्ट्रिय नि.मा.वि. वर डाँडाको फर्निचर निर्माण | २०००००।— |
| १७) वडा नं.१० को राष्ट्रिय नि.मा.वि. वर डाँडाको औषधी तथा स्यानेटरी प्याड | ५००००।- |
| १८) वडा नं.११ जम्दार टोल मा इनार निर्माण | ३०००००।- |
| १९) वडा नं. ११ को सरस्वति प्रा.वि.कम्पाउन्ड तार घेराबेरा | १५००००।- |
| २०) वडा नं.११ नेपाल टोल देखि जम्दार टोल हुदै सखुवाटार सम्म जाने कृषि बाटो निर्माण | ५०००००।- |
| २१) वडा नं.१० पंचधुरा माई मन्दिरमा सौर्य बत्ति जडान | २०००००।- |
| २२) वडा नं.११ बेलडाँडा चौतारदेखि दुम्सि डाँडा हुदै गढन्ता जाने बाटो कल्भट निर्माण तथा बाटो निर्माण | २००००० |
| २३) वडा नं.११ सेम नेपाल नि.मा.वि. कम्पाउन्ड घेरबेरा | ३०००००।- |
| २४) वडा नं.१२ बरडाँडा विद्युत लाईन विस्तार | ५०००००।- |
| २५) वडा नं.११ को सुकुम्बासी टोलमा सचेतना केन्द्र भवन निर्माण | २०००००।- |
| २६) वडा नं.१२ को पोखरी डाँडामा सचेतना केन्द्र भवन निर्माण | २०००००।- |
| २७)वडा नं.१० मा भक्तिपुरमा सचेतना केन्द्र भवन निर्माण | २०००००।- |
| २८) वडा नं.१० कुसुमटारमा सचेतना केन्द्र भवन निर्माण | २०००००।- |
| २९) वडा नं.३ मा परियार टोलमा सचेतना केन्द्र भवन निर्माण | २०००००।- |
| ३०) वडा नं.११ इच्छेश्वर मा.वि.देखि पश्चिमबाट खानेपानी ट्याँकी सम्म बाटो ग्राबेल तथा नाला निर्माण | १००००००।- |
| ३१) वडा नं.८ को प्रेम नगरको पूर्व पश्चिम पशुपति नगर र बडहरी खोला सम्म बाटो मर्मत | १२५०००।- |

| | |
|---|---|
| ३२) वडा नं.७ को तित्रि बोटदेखि दक्षिण हुदै मनहरी पुर जाने बाटो सम्म मर्मत | ६००००।- |
| ३३) वडा नं.७ को केशव सुवेदीको घरदेखि पूर्व पथरा खोल्सी सम्म बाटो मर्मत र ह्यूम पाईप | ६५०००।- |
| ३३) पाटु चोक देखि धनुषा कृषि सडक निर्माण | |
| ३४) वडा नं.६ कालापानीको रातु पुलदेखि उत्तरमा पर्यटकीय स्थल निर्माण तथा वडा नं.४ मा रहेको ३ वर्षे डिप्लोमा प्राविधिक शिक्षालय संचालनको लागि जनता मा.वि. गौरीडाँडाको पूर्वाधार निर्माण | २००००००।- |
| ३५) वडा नं.४ गौरीडाँडामा सहीद स्मृत पार्क बनभोज स्थललाई स्तरोन्नति र वडा नं.६ मा खेल मैदान निर्माण तथा वडा नं ५ मा रहेको जेष्ठ नागरिक प्रतिक्षालय मर्मत सम्भार वडा नं.५ भब्सीमा विधुत तार तथा ट्रान्समिटर जडान , वडा नं.४ ,५, र ६ मा शिपमुलक तालिम | ३००००००।- |
| ३६) वडा नं.५ को भब्सीमा खानेपानी मर्मत तथा निर्माण | २०००००।- |
| ३७) वडा नं.५ को वडा कार्यालय देखि खड्का टोल हुदै तारपोल विस्तार | १०००००।- |
| ३८) वडा नं.५ वि.पि.राजमार्गदेखि पूर्व तल्लो पाटु पुछार जाने बाटोको नाला निर्माण | १५००००।- |
| ३९) वडा नं.५ वि.पि.राजमार्गदेखि काँकडभिठ्ठा हुदै खड्का डाँडा जाने बाटोमा कल्भर्ट निर्माण | ५००००।- |
| ४०) वडा नं.५ भब्सीमा सचेतना केन्द्र भवन निर्माण तथा मर्मत | ३०००००।- |
| ४१) वडा नं.१० कामि डाँडा मा.वि.को फर्निचर निर्माण तथा मर्मत | ५०००००।- |
| ४२) वडा नं.१२ राष्ट्रिय नि.मा.वि.ढुंग्रे को कम्पाउन्ड निर्माण | ५०००००।- |
| ४३) वडा नं.१२ टुटेश्वर नि.मा.वि. कम्पाउन्ड निर्माण | ५०००००।- |
| ४४) वडा नं.१२ को महादेव मन्दिर धर्मशाला निर्माण | ५०००००।- |
| ४५) बँदेल खाडी पूरानो इनार मर्मत सम्भार | २०००००।- |
| ४६) वडा नं.३ को विनोद बस्नेतको घर नजिकको इनार देखि परियार टोल जानेबाटो मर्मत सुधार | २०००००।- |
| ४७) वडा नं.३ को पोखरीमा घाट निर्माण | २०००००।- |
| ४८) वडा नं ९ अरुणकुमार महतो को जग्गामा इनार निर्माण | ३०००००।- |
| ४९)वडा नं.९ विहारी महतोको जग्गामा इनार निर्माण | ३०००००।- |
| ५०) वडा नं.९ को श्री नारायण चौधरीके घरबाट पूर्व चौलिखा जोड्ने सडक निर्माण | ३०००००।- |
| ५१) वडा नं.९ को राजकुमार महतोको घरअगाडीको पूरानो इनार मर्मत | २०००००।- |
| ५२) वडा नं.३ कृषि सडक जनता स्कूलदेखि पूर्व पट्टिको खोल्सी पैनीलाई बाटो कायम गरी ,दक्षिण,टोकी टोलबाट निस्केको बाटो सम्म मिलान गर्ने | २०००००।- |
| ५३) वडा नं. राजाबासको खानेपानी योजना | ५०००००।- |
| ५४) वडा नं.६ कालापानि खानेपानी नयाँ योजना | २५,००,०००।- |
| ५५) वडा नं.६ कालापानि सिंचाई नयाँ योजना | ५,००,०००।- |
| ५६) वडा नं.६ कालापानि बाटो | ३०,००,०००।- |
| ५७) वडा नं.६ विधालय मर्मत | १५,००,०००।- |
| ५८) वडा नं. ६ पर्साईधापमा सिंचाई | १५,००,०००।- |
| ५९) वडा नं.६ राजावासको जरायो खोल्सीमा पाईप खरिद | ५,००,०००। |

**यस नगर परिषदका आधारहरु**

१. आ.व.२०७२।७३ को नेपाल सरकारको नीति तथा कार्यक्रम

२. आ.व.२०७२।७३ को नेपाल सरकारको बजेट बक्तब्य

३. आ.व.२०७२।७३ को लागि यस न.पा.लाई अर्थ मन्त्रालयबाट प्राप्त अख्तियारी

४. आ.व.०७१।७२ र २०७२।७३ को यस न.पा.को परिषद निर्णय

५. स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधी ,२०६९

६. १३ औँ आवधिक योजना

७.संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको च.नं.५-१-३०, मिति २०७२।०४।३१ को बस्ती विकास,सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्ग दर्शन २०७२

**बर्दिबास नगरपालिका को**

**बिशेष नगर परिषद निर्णय सार्वजनिक कार्य**क्रम

२०७२।०५।१५

१ उपस्थिति

२ आसन ग्रहण - यथास्थानमा

सभापति- कर्यकारी अधिकृत - श्री राधे श्याम गिरि

अतिथि हरु - नेपाली काँग्रेस

ने. क पा ए. मा. ले

ने. क पा ए माओवादी

रा प्र पा

त म लो पा

रा म स पा

ने क पा - माओवादी

ने क पा (माओवादी)

नेपाल सद्भावन पार्टी

उद्योग वाणिज्य संघ

खानेपानी उपभोक्ता समिति

भूमि अधिकार मंच

गै.स.स.महासंघ प्रतिनिधी

नगरस्तरीय अन्तरपार्टी महिला संजाल

नगरस्तरीय बाल संजाल

नगरस्तरीय नागरिक सचेतना केन्द्र संजाल

नगरस्तरीय वडा नागरिक मंच संजाल

नगरस्तरीय आदिवासी/ जनजाती संजाल,दलित संजाल , पिछडा वर्ग संजाल लगायत बिभिन्न संजाल हरु

कार्यालय प्रमुख हरु तथा प्रतिनिधि हरु

वार्ड सचिव ज्यु हरु ,  सामाजिक परिचालक हरु  लगायत उपस्थित सबै